

# अध्याय -3

## परमेश्वरको सर्वोच्चता कायम

यस अध्यायका मूल पदहरूः भजन ८; भजन १००; भजन ९७;
भजन ७५; भजन १०५:७-१०; गलाती ३:२६-२९; भजन २५:१०।

<u>यस अध्यायको मूल पदः</u> *"परमप्रभुले राज्य गर्नुहुन्छ, उहाँ महिमाले विभूषित हुनुहुन्छ, अनि शक्तिले सुसज्जित हुनुहुन्छ। पृथ्वीको जग सुदृढ़ छ, त्यो कहिल्यै डग्नेछैन।" भजन ९३:१।*

यस संसारमा धेरै देवीदेवता, स्वामी, भगवान र जगतगुरु भनाउँदाहरूले आफूहरू पृथ्वी वा त्यसमा रहेका यावत थोकहरूको प्रभु वा शासक भनेर दावी गरेतापनि सृष्टिकर्ता, सनातन परमपरमेश्वर नै सर्वोच्च हुनहुन्छ र पृथ्वी र सारा जगतको शासक उहाँ नै र उहाँमात्रै हुनुहुन्छ भनेर भजनसंग्रहका लेखकहरूले जिकिर गर्दछन्। सृष्टिकर्ता परमप्रभु परमेश्वर यस संसारमा आफ्नो प्रभुत्त्व जमाउनुहुन्छ भन्ने धारणा हाम्रो विश्वासको जग हो र यसबाट कोही पनि बिचलित भएर अरूहरूलाई "भगवान" भनेर पुज्न बाइबलले अनुमति दिएको छैन (जसरी जन्मदिने आमाबाहेक अरू स्त्रीलाई जन्मदाता आमा भनेर सम्बोधन गरिँदैन)। प्रभुले नै सबै थोक सृष्टि गर्नुभयो र उहाँले नै सबै थोकलाई संभार गर्नुहुन्छ। यस पृथ्वी र सारा जगतका सार्वभौमिक राजा उहाँ नै हुनुहुन्छ। उहाँले यस संसारमा धार्मिकतामा, यथोचित र न्यायोचित प्रक्रियाले शासन गर्नुहुन्छ। उहाँका विधिहरू, आदेशहरू, दश आज्ञाहरू, निर्देशनहरू, कानुनहरू असल छन् र जसले तिनीहरूलाई पालन गर्छन् तिनीहरू

खुशी र सुखी हुन्छन्। तिनीहरूलाई पालन गर्दा मानिसलाई जीवन पाउँदछ र मानिसको जीवन अर्थमूलक हुन्छ। परमप्रभु परमेश्वर उचित न्याय गर्ने न्यायधिस हुनुहुन्छ। यस संसारमा व्यवस्थित ढङ्गले चलिरहोस् भनेर उहाँले सुनिश्चित गर्नुहुन्छ। धर्मी, न्यायोचित र यथोचित बाटोमा हिंड्नेलाई उहाँले सम्मान गर्नुहुन्छ र इनाम दिनुहुन्छ तर दुष्ट, अधिर्मी, अन्यायी र आतङ्कारीलाई दण्ड दिनुहुन्छ। उहाँले उहाँकै समयमा ती प्रक्रियामा चल्नुहुन्छ तब हाम्रो चाहना र समयमा होइन।

यस संसार कसरी सुरक्षित तरिकाले चल्नुपर्छ भनेर देखाउन परमेश्वरले पौराणिक कालमा इस्राएलसँग करार बाँध्नुभएको थियो। यस संसारको वर्तमान र भविष्यको निम्ति विशेष भूमिका खेल्न उहाँले यहूदीहरूलाई खटाउनुभएको थियो। तिनीहरूकै माध्यमबाट अनन्त राज्य तथा मुक्तिको घोषणा गर्न अपेक्षा गरिएको थियो। इस्राएललाई आफ्नो विशेष निजी धन भनेर अङ्गिकार गर्नुभएको थियो। यस संसारमा भएका विभिन्न जात जाति, राष्ट्र र धर्महरूको बिचमा इस्राएल देश र त्यहाँका जनहरूलाई उहाँले असाध्यै मन पर्ने जाति बनाउनुभएको थियो। आफ्नो करार वा तिनीहरूसँग गर्नुभएको सम्झौता प्रति प्रभु प्रतिवद्ध हुनुहुन्छ। समय समयमा उहाँका जनहरूले उहाँलाई गद्दारी गरेतापनि, उहाँको खुलेआम विद्रोह गरेतापनि वा अस्वीकार गरेतापनि आफ्ना विश्वासी जनहरूलाई निरन्तर रुपमा हेरचाह गर्नुहुन्छ र आफ्नो करारमा कतिवद्ध हुनुहुन्छ।

प्रभुकै सार्वभौमिक शासनले गर्दा यस संसार अटल भइरहेको छ र सुरक्षित छ। यो आधारभूत सत्यलाई पाठकहरूले बुझोस् भन्ने भजनसंग्रहका लेखकहरूको लक्ष्य हो। संसारप्रति यो दृष्टिकोण नै तिनीहरूको प्रकासस्तम्भ भएकोले त्यसलाई मध्यनजर राखेर भजनका लेखकहरूले परमेश्वरको सेवा गर्न अविभाजित भएर दत्तचित्तमा लाग्न तिनीहरू समर्पित भएका थिए।

## १. परमेश्वरले नै हामीलाई सृष्टि गर्नुभएको हो

**देहायका भजनहरूले परमेश्वर र उहाँका जनहरूलाई कसरी चित्रण गरेका छन्? ती भजनहरूले परमेश्वरको चरित्र वा स्वभावलाई कसरी प्रकट गर्दछ? हेर्नुहोस्, "१ हे हाम्रा सर्वमान्य परमप्रभु, सारा पृथ्वीभरि तपाईंको नाउँ कति महिमित छ! तपाईंका महिमाको स्तुतिगान उच्च स्वर्गमा हुँदछ। २ शिशुहरू र दूधे-बालकहरूका ओठबाट तपाईंले पूर्ण प्रशंसा निकाल्नुभएको छ, तपाईंका**

शत्रुहरूका कारणले, अनि शत्रु र प्रतिपक्षीलाई चूप गराउनलाई तपाईंले यसो गर्नुभएको छ। ३ जब म तपाईंको हातले बनाएको आकाशलाई, र तपाईंले स्थापित गर्नुभएका जून र ताराहरूमाथि विचार गर्छु, ४ मानिस के हो, र तपाईं त्यसको वास्ता राख्नुहुन्छ? मानिसको छोरो के हो, र तपाईं त्यसको फिक्री गर्नुहुन्छ? ५ तपाईंले त्यसलाई स्वर्गका प्राणीहरूभन्दा केही मात्र सानो बनाउनुभयो, र त्यसलाई महिमा र आदरको मुकुट पहिराउनुभएको छ। ६ आफ्ना हातका कामहरूमाथि तपाईंले त्यसलाई शासक बनाउनुभएको छ। सबै थोक तपाईंले त्यसका पैतालामुनि राखिदिनुभएको छ– ७ सबै भेड़ाबाख्रा र गाई-गोरु र वनका सबै पशुहरू, ८ आकाशका पक्षीहरू र समुद्रका माछाहरू र समुद्रभित्र पौड़ने सबै जन्तुहरू। ९ हे हाम्रा सर्वमान्य परमप्रभु, सारा पृथ्वीभरि तपाईंको नाउँ कति गौरवमय छ!" भजन ८ र "१ हे सारा पृथ्वीका मानिस हो, परमप्रभुको जयजयकार मनाओ। २ आनन्दसाथ परमप्रभुको आराधना गर, हर्षका गीत गाउँदै उहाँको सामुन्ने आओ। ३ परमप्रभु नै परमेश्वर हुनुहुन्छ भनी जान। उहाँले नै हामीलाई बनाउनुभयो, र हामी उहाँकै हौं, हामी उहाँका प्रजा र उहाँको खर्कका भेड़ाहरू हौं। ४ उहाँको भवनका द्वारहरूभित्र धन्यवादसाथ पस, र प्रशंसा गर्दै उहाँको मन्दिरमा प्रवेश गर। उहाँलाई धन्यवाद चढ़ाओ, र उहाँका नाउँको प्रशंसा गर। ५ किनभने परमप्रभु भला हुनुहुन्छ, र उहाँको करुणा सदाकाल रहन्छ। उहाँको विश्वसनीयता पुस्तादेखि पुस्तासम्म रही नै रहन्छ।" भजन १००।

सृष्टिको वयानले भजनसंग्रहमा निर्णायक भूमिका खेल्दछ। परमेश्वरको सार्वभौमिकता वा प्रभुत्त्वलाई भजनका लेखकहरूले उचाल्दछन्। आकाशहरू, सारा जगत वा विश्वब्रम्हाण्ड उहाँका हातको काम हो र तिनीहरूले उहाँको महिमा, शक्ति र यशको घोषणा गर्दछ (भजन १९:१-४, भजन ९७:६)। सारा पृथ्वीमा उहाँको नाउँ राजशी, गौरवमय छ (भजन ८:१,९)। प्रभुले नै प्रत्येक थोकको सृष्टि गर्नुभएको थियो; उहाँको सुरु वा आदि छैन (भजन ९३:२) न त अन्त नै (भजन १०२:२५-२७)। उहाँ सनातन वा अनन्तको हुनुहुन्छ। उहाँ संसारका सबै राष्ट्रहरूले मान्ने देवीदेवता वा भगवानहरूमाथि उच्च र श्रेष्ठ हुनुहुन्छ। ती देवीदेवता वा भगवान भनाउँदाहरू केवल मानिसहरूका हातका काम हुन् र तिनीहरूको सोचबिचार वा दर्शनले उब्जाएका धर्म वा शक्तिहरू हुन् (भजन ११५:४), त्यो भन्दा बढि अरू केही होइन। ती देवीदेवताका मूर्तिहरूमा हातहरू त छन् तर तिनीहरूलाई चलाउन सक्दैनन् (भजन ११५:७); तर

प्रभुको बारेमा भन्नुपर्दा "उहाँका हातहरू पृथ्वीका गहिऱ्याइमा पनि पुग्छन्...र उहाँकै हातले सुख्खा जमिन सृष्टि गर्नुभएको थियो" (भजन ९५:४,५)।

प्राकृतिक शक्तिहरूमा परमेश्वरको शक्तिले माथ गर्छन् भनेर धेरै भजनहरूमा चित्रण गरेका छन्। ती प्राकृतिक शक्तिहरू ईश्वरीय हुन् भनेर धेरै राष्ट्रका मानिसहरूले विश्वास गर्छन् (भजन २९, भजन ९३, भजन १०४ आदि)। सारा सृष्टिमाथि परमेश्वरले प्रभुत्त्व जमाउनुहुन्छ भनेर ती भजनहरूले निश्चित भएर पुष्टि गर्दछन्। परमेश्वरको शक्ति, प्रतिष्ठा र गरिमामयको बयान ती भजनहरूले गर्दछन्। मानिसहरूले भगवान, परमात्मा वा परमेश्वर नै भनेर पूजा गर्ने मूर्तिहरूभन्दा सनातन परमप्रभुको स्वभाव सतप्रतिशत फरक छ भनेर भजन १००:३ले जिकिर गर्दछ। परमेश्वर स्वावलम्बी हुनुहुन्छ र न त हामी न त कुनै मानिसले आविश्कार गरेका देवीदेवताहरूले हामीलाई सृष्टि गरेको छ।

परमेश्वरले सृष्टि गर्नुभएको सृष्टिले परमेश्वरको प्रेमको गवाही दिन्छ। यस संसारमा भएका सबै अस्तित्वको श्रेय परमेश्वर नै हुनुन्छ। उहाँले नै जीवन दिएर सँभाल्नुहुन्छ (भजन ९५:७, भजन १४७:४-९)। उहाँले मानिसहरूको अस्तित्वमात्र सृजना गर्नुभएन उहाँले पौराणिक इस्राएललाई "उहाँका जन र उहाँका चौरका भेडाहरू बनाउनुभएको थियो (भजन १००:३)। बाइबलमा "उहाँका जनहरू" र "उहाँका भेडाहरू" भनेर सम्बोधन गर्दा उहाँका जनहरूसँग नजिक हुन चाहने परमेश्वरको इच्छालाई प्रकट गर्दछ।

केवल सृष्टिकर्तासँगमात्र मानिसहरूलाई आशिष दिने र तिनीहरूको उन्नति गर्ने अधिकार र शक्ति छ। केवल उहाँमात्र तिनीहरूको विश्वासपात्र र भरोसा हुन योग्यको हनुहुन्छ। यस पृथ्वी र समुद्रमा भएका प्रत्येक सास फेर्ने जीवले प्रभुको सामु आनन्दित भएर चिच्याउनु पर्छ भनेर धेरै भजनहरूमा उल्लेख गरेकाछन्।

पापले गर्दा पतित भएको यस पृथ्वी वा प्राकृतिक सम्पदामा परमेश्वरको महिमा वा गुण देख्न सकिन्छ, र केवल परमेश्वरमात्र हाम्रो आराधनाको योग्य हुनुहुन्छ भनेर भजनहरूले हामीलाई औंल्याउँछन्।

***"मानिसक के हो र तपाईं उसको पछि लाग्नु हुन्छ वा उसको अस्तित्वप्रति तपाईं ख्याल राख्नुहुन्छ, र मानिसको पुत्रलाई भेट्नुहुन्छ?" (भजन ८:४ रुपान्तरित)। तपाईंको सृष्टिकर्ता परमेश्वरप्रति तपाईंको जवाफ वा प्रतिक्रिया के हो? तारामण्डल वा सारा नक्षेत्रका ताराहरूलाई तिनीहरूको नाउँले सम्बोधन गर्नुहुन्छ भने (भजन १४७:४) तपाईंप्रति परमेश्वरको चासो कतिको छ भनेर के तपाईंले कहिल्यै सोच्नुभएको छ?***

## २. परमेश्वरले शासन गर्नुहुन्छ वा उहाँको प्रभुत्त्व सदा कायम छ

प्रभु सृष्टिकर्तामात्र नभएर त्यस गुणसँग टाँसिएको अर्को गुण छ, त्यो हो, उहाँ चक्रवर्ती सार्वभौम शासक वा प्रभु हुनुहुन्छ। परमेश्वरका ती दुई गुण वा स्वभावहरूलाई कहिल्यै अलग गर्न सकिँदैन वा फरक दृष्टिले हेर्न सकिँदैन। "परमेश्वरले राज गर्नुहुन्छ" (भजन ९३:१, भजन ९६:१०, भजन ९७:१ र भजन ९९:१) भन्ने घोषणा गम्भीर रुपमा भजनसंग्रहले व्यक्त गर्दछ। भजनसंग्रहभरी उहाँको त्यो सार्वभौम गुण सुनिन्छ र प्रतिध्वनी गर्दछ।

परमेश्वर आदर, सम्मान, राजकीयता र बल तथा शक्तिले सजिनुभएको छ (भजन ९३:१, भजन १०४:१)। तर उहाँलाई अन्धकार र बादलहरूले पनि घेरिरहेकाछन्। तर उहाँले आफूलाई "ज्योतिको वस्त्रले" ढाक्नुभएको छ (भजन १०४:२)। ती प्रतिकहरूले उहाँको राजकीय शक्ति, महिमा, वैभव, शोभा, तेजस्वी र यशलाई व्याख्या गर्दछन्। परमेश्वरको महान् विशेष गुण र चरित्रलाई बुझउन ती शब्दहरू प्रयोग गरिएका छन्। ती गुणहरू मानव समझभन्दा अपार छन्।

**भजन ९७ पढ्नुहोस्। परमेश्वरको प्रभुत्त्वलाई भजन ९७:२,१०ले कसरी वर्णन गरिएको छ? उहाँको प्रभुत्त्वको दायरा कति ठूलो छ? भजन ९७:१,५,९)।**

**"१ परमप्रभुले राज्य गर्नुहुन्छ, पृथ्वी हर्षित होस्, टाढ़ाका किनार-किनारहरू पनि आनन्दित होऊन्। २ उहाँको वरिपरि बादल र घोर अन्धकार छन्, धार्मिकता र न्याय उहाँको सिंहासनका जग हुन्। ३ उहाँको अगिअगि आगो जान्छ, र उहाँको चारैपट्टिका विरोधीहरूलाई भस्म पार्छ। ४ उहाँको बिजुलीले संसारलाई प्रकाशित पार्छ, पृथ्वीले देख्छ र थरथरी काम्छ। ५ परमप्रभुको सामुन्ने पर्वतहरू मैनझैं पग्लन्छन्, सारा पृथ्वीका स्वामीको सामुन्ने। ६ स्वर्गले उहाँका धार्मिकताको घोषणा गर्दछ, सबै मानिसहरूले उहाँका महिमाको दर्शन गर्छन्। ७ मूर्तिपूजा गर्नेहरू सबै लाजमा पारिनेछन्, मूर्तिहरूमा गर्व गर्नेहरू सबै शर्ममा पर्नेछन्। सबै देवगण हो, उहाँको आराधना गर। ८ तपाईंका न्यायको कारण हे परमप्रभु, सियोनले सुन्छ र आनन्दित हुन्छ, र यहूदाका गाउँहरू हर्षित हुन्छन्। ९ किनकि हे परमप्रभु, सारा पृथ्वीभन्दा तपाईं नै अति उच्च हुनुहुन्छ, तपाईं सबै देवहरूमाथि अत्यन्त उच्च हुनुहुन्छ। १० परमप्रभुलाई प्रेम गर्ने सबैले खराबीलाई घृणा गरून्। किनकि उहाँले आफ्ना भक्तजनहरूको प्राण रक्षा गर्नुहुन्छ, र दुष्टहरूका हातबाट तिनीहरूलाई**

**छुटाउनुहुन्छ। ११ धर्मीहरूमाथि ज्योति प्रकाशमान हुन्छ, अनि हृदयमा सोझा भएकाहरूका निम्ति आनन्द। १२ हे धर्मी हो, परमप्रभुमा आनन्द मनाओ, र उहाँको पवित्र नाउँको प्रशंसा गर।" भजन ९७।**

परमेश्वरले सृष्टि गर्नुभएका कामहरूले उहाँको प्रभुत्त्व कायम छ भनेर देखाउँछ भने (भजन ९६:५) उहाँ उद्धारकर्ता (भजन ९८:२) र न्यायकर्ता पनि हुनुहुन्छ (भजन ९६:१०)। सारा पृथ्वी र जगतभरी प्रभुले आफ्नो सत्ता कायम गरिराख्नुभएको छ (भजन ४७:६-९)। उहाँ राज्य सनातन वा अनन्तको छ। उहाँको शक्ति र राजकियता अतुलनीय छ (भजन ४५:६; भजन ९३:१,२; भजन १०३:१९)। उहाँको शासन दया, न्याय र धार्मिकतामा स्थापित भएको छ। उहाँले सृष्टि गर्नुभएको जगतमा उहाँले नै व्यवस्थित गर्नुहुन्छ र स्थायीत्त्व दिनु हुन्छ (भजन ९८:३, भजन ९९:४)। परमेश्वरको स्तुति र आराधना गर्न उहाँको शासनले दुवै स्वर्ग र पृथ्वीका आराधकहरूलाई एकताको सूत्रमा राख्नुहुन्छ (भजन १०३:२०-२२, भजन १४८)। धेरै भजनहरूले सबै मानव प्राणीहरू परमेश्वरको सार्वभौम शासनलाई स्वीकार गरून् भन्ने चाहना व्यक्त गरेकाछन् (भजन ९६:१०, भजन ९७:१, भजन ९९:१, भजन १४५:१३)।

अहिलेको परिप्रेक्ष्यमा सबै मानिस वा संसारका शासकहरूले परमेश्वरको आधिपत्य र अझै अस्तित्वलाई नै स्वीकार गरेका पाइन्दैन। मानिसको दुष्ट र आतङ्ककारी गतिविधिले निरन्तररूपमा परमेश्वरको शासनलाई हाँक दिइरहेको छ। तिनीहरूले परमेश्वरको अस्तित्वलाई स्वीकार नगर्ने र गिल्ला गर्नेमात्र होइन उहाँका जनहरूप्रति दमन नीति पनि अपनाइरहेका छन् (भजन १४:१, भजन ७४:३-२२)। केही दुष्ट मानिसहरूको सम्मुन्नताले परमेश्वरलाई चुनौती दिइरहेकाछन्। परमेश्वरका सहनशीलताले गर्दा दुष्टहरू अकमक त परिरहेकाछन्। तर भजनका लेखकहरूले परमेश्वरको सार्वभौम प्रभुत्त्व र उहाँका धार्मिक न्याय प्रणालीहरूमाथि आशा राखेको कारण तिनीहरू बिचलित भएको देखिँदैन (भजन ६८:२१, भजन ७३:१७-२०)। येशूको दोस्रो आगमनमा येशूको मुक्तिको सेवाकार्यले गर्दा उहाँको राज्यको उद्घाटन हुनेछ भनेर उहाँका जनहरू विश्वास गर्दै रमाइरहेका हुन्छन्। उहाँको आगमनपछि सारा दुष्ट र तिनीहरूका गतिविधिहरूको अन्त पनि हुनेछन् भन्ने कुरामा उहाँका जनहरू ढुक्क छन् (मत्ती १२:२६-२८, १ कोरन्थी १५:२०-२८)।

*"तिमीहरू जसले प्रभुलाई प्रेम गर्छौं, दुष्ट र खराबलाई घृणा गर!" (भजन ९७:१०)। परमेश्वरप्रति आशक्त भएकै कारण हामी खराब, दुष्ट तत्त्वहरूलाई किन घृणा गर्नुपर्छ? प्रभुप्रतिको प्रेम र दुष्टताप्रति घृणाको बिचमा एक आपसी कसरी सम्बन्ध छ?*

## ३. परमेश्वर न्यायकर्ता हुनुहुन्छ

**भजन ७५ पढ्नुहोस्। परमेश्वरप्रति आस्था नराख्ने, उहाँको अस्तित्वलाई सरासर स्वीकार नगर्ने दुष्ट र पापी मानिसहरू आफ्ना उपलब्धीहरू देखेर किन व्यर्थमा घमण्डमा फुल्दछन् वा रमाउँदछन्? हेर्नुहोस्: "१ हामी तपाईंमा धन्यवाद चढ़ाउँछौं, हे परमेश्वर, हामी धन्यवाद चढ़ाउँछौं, किनकि तपाईंको नाउँ नजिकै छ। मानिसहरू तपाईंका आश्चर्यकर्मको बखान गर्छन्। २ तपाईं भन्नुहुन्छ, "उचित समय म ठहराउँछु, निष्पक्षतासाथ न्याय गर्ने म नै हुँ।**

**३ जब पृथ्वी र त्यहाँका सबै बासिन्दाहरू काम्छन्, त्यसका खम्बाहरूलाई थामिराख्ने म नै हुँ। सेला ४ अहङ्कारीहरूलाई म भन्दछु, 'अहङ्कार नगर।' र दुष्टहरूलाई भन्दछु, 'तिमीहरूको हाँक नदेखाओ। ५ तिमीहरू स्वर्गको विरुद्धमा आफ्नो हाँक नदेखाओ, अनि मुन्टो बटारेर वचन नबोल'।" ६ पूर्वदेखि होस् वा पश्चिमदेखि, अथवा मरुभूमिबाट होस्, कसैले पनि मानिसलाई उचाल्न सक्दैन। ७ तर परमेश्वरले नै न्याय गर्नुहुन्छ, उहाँले एउटालाई होच्याउनुहुन्छ, र अर्कालाई उच्च पार्नुहुन्छ। ८ परमेश्वरको बाहुलीमा एउटा कचौरा छ, जसमा मरमसला मिसाएको छ, फींज भएको मद्य छ। उहाँले त्यो खन्याउनुहुन्छ, अनि पृथ्वीका दुष्टहरू सबैले त्यसको थिग्रासम्मै पिउँछन्, ९ तर मचाहिँ सदासर्वदै यो घोषणा गर्नेछु, म याकूबका परमेश्वरको स्तुति गाउनेछु। १० म सबै दुष्टहरूका सीङ काटिदिनेछु, तर धर्मीहरूका सीङ उच्च पारिनेछन्।" भजन ७५।**

सारा सृष्टिका सार्वभौम राजा र स्वामी हुनुभएको परमेश्वर विधिको शासन चलाउन कानुन, व्यवस्था वा विधिहरू दिने पनि हुनुहुन्छ (भजन ९९:७) र न्यायकर्ता हुनुहुन्छ (भजन ९८:९, भजन ९७:२)। यस संसारमा स्थापना गर्नुभएको विधिको शासनलाई दुष्ट, नास्तिक र अहङ्कारीहरूले निरन्तररूपमा चुनौती वा हाँक दिइरहेकाछन्। तर समय आउनेछ जब प्रभुले यस संसारलाई न्याय गर्नुहुनेछ र दुष्टको शासनलाई सदाको निम्ति अन्त्य गर्नुहुनेछ (भजन ७५:८-१०, भजन ९६:१३)।

विभिन्न प्रतिकहरूद्वारा दुष्टहरूको नाश हुनेछ भनेर भजन ७५ले प्रस्तुत गर्दछ। रातो मद्यले भरिएको कचौराले (भजन ७५:८) परमेश्वरको अत्याधिक क्रोधलाई प्रकट गर्दछ (यर्मिया २५:१५, प्रकाश १४:१०)। दुष्टहरूको सीङहरू भाँचिने छन् भन्नुको तात्पर्य तिनीहरूको शक्ति, अधिकार, फुर्ति र प्रभुत्त्वको अन्त हुनेछ भनेर चित्रण गर्दछ भने धर्मीहरूका सीङहरू उचालिनेछन् भनेर विश्वस्त गराएको छ (भजन ७५:१०)। परमेश्वरले "उचित समयमा" (भजन ७५:२) वा "तोकिएको समयमा" उहाँले न्याय गर्नुहुनेछ। यो कार्यकारिणी वा निर्णायक न्याय समयको अन्तमा हुनेछ भन्ने कुरा स्पष्ट छ (भजन ९६:१३, १ कोरन्थी १५:२३-२६)।

न्यायको एक भागमा प्रभुले मानिसहरूका नियतहरू जाँच्नुहुन्छ वा हेर्नुहुन्छ। यो भजन १४:२ले यसरी पुष्टि गर्दछ, "परमप्रभुले स्वर्गबाट मानिसका सन्तानलाई हेर्नुहुन्छ, यो जान्नलाई कि समझदार हुने र परमेश्वरलाई खोज्ने कोही छ?" यसले उत्पत्ति ६:५-८को प्रतिबिम्बित गर्दछ "५ पृथ्वीमा मानिसहरूको दुष्टता बढ़ी भएको र तिनीहरूका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो। ६ पृथ्वीमा मानिसलाई बनाउनुभएकोमा परमप्रभुले अफसोस गर्नुभयो, र उहाँ मनमा साह्रै दुःखित हुनुभयो। ७ त्यसकारण परमप्रभुले भन्नुभयो, "मैले सृष्टि गरेको मानिसलाई पृथ्वीबाट म मेटिदिनेछु– के मानिस, के घस्रने जन्तु, के आकाशका पन्क्षी सबैलाई– किनभने ती बनाएकोमा मलाई दुःख लागेको छ।" ८ तर नोआमाथि चाहिँ परमप्रभुको अनुग्रह भयो।" दुवै अंशहरूले यो देखाउँदछ कि परमेश्वरले आफ्नो न्यायलाई कार्यान्वयन गर्नुभन्दा अघि मानिसहरूको जीवनलाई जाँच्नुहुन्छ। कसकसलाई मुक्ति दिन सकिन्छ भनेर उहाँले हेर्नुहुन्छ। यो न्यायलाई कहिलेकाहीँ "छानबिनको न्याय" भनेर सम्बोधन गरिन्छ। त्यसबेला उहाँ धर्मीहरूको पक्षमा उभिनुहुन्छ र दुष्टहरूको भविष्यलाई निर्धारण गरिन्छ।

### *यो कसरी कार्यान्वयन हुन्छ त?*

पहिलो त, परमेश्वरले उहाँका जनहरूलाई दुष्टहरूको हातबाट उद्धार गर्नुहुन्छ (भजन ९७:१०, भजन १४६:३) र नम्रहरूलाई मुक्तिका मुकुटहरू लगाइ दिनुहुन्छ (भजन १४९:४)। दोस्रोमा, पश्चात्ताप नगरेका दुष्ट र आतङ्ककारीहरूलाई सदाको निम्ति नाश गर्नुहुनेछ (भजन ९७:३)। कतिपय भजनहरूमा मानव निर्मित अनेकौं हातहतियारहरू न्यायकर्ता परमेश्वरको

विरुद्धमा प्रयोग गर्नु बेकार छ भनेर उल्लेख गरेका छन् (भजन ७६:३-६)। परमेश्वर क्षमा दिने प्रभु पनि हुनुहुन्छ तर दुष्टहरूका दुष्ट कामले गर्दा तिनीहरूलाई दण्ड दिनुहुन्छ (भजन ९९:८)। दुष्टहरूमात्र होइन परमेश्वरका जनहरूले पनि परमेश्वरलाई आफ्नो जीवनको लेखाजोखा दिनुपर्नेछ (भजन ५०:४, भजन १३५:१४)।

बाइबलका अरू अंशहरूमा व्यक्त गरेका त्यही विषय भजनसंग्रहमा उल्लेख गरेका छन्। परमेश्वरका जनहरूबाट न्याय सुरु हुनेछ र त्यो सारा जगतमा फैलिनेछ (व्यवस्था ३२:३६, १ पत्रुस ४:१७)। आफूलाई न्याय गर्न भजनका लेखकले चित्कार गर्दछन् तर त्यो न्याय परमेश्वरकै धार्मिकतामा आधारित भएर उनको पक्षमा गरून् भनेर उहाँमाथि भरोसा राख्दछन् (भजन ७:८-११; भजन १३९:२३,२४)।

*परमेश्वरको न्यायप्रणालीको अपेक्षा गर्दा त्यसमाथि आनन्दित हुनुपर्छ भनेर भजनसंग्रहका लेखकहरूले व्यक्त गर्दछन् (भजन ६७:४, भजन ९६:१०-१३, भजन ९८:४-९)। येशूको रगतले ढाकिएका जनहरूको निम्ति परमेश्वरले गर्नुहुने न्याय किन शुभसमाचार हो?*

## ४. परमेश्वरले बाँध्नुभएको करार वा सम्झौता मानिसप्रति उहाँको चाहनामा सधैं सजग हुनुपर्ने

परमेश्वरको न्याय भन्ने विषयबस्तुलाई दिमागमा घुसाउन वाध्य हुँदा एउटा अत्यन्तै महत्त्वपूर्ण प्रश्न खडा हुन्छः परमेश्वरका जनहरू परमेश्वरसँग कसरी शान्तिको अनुभव गर्ने र न्यायको विषयबस्तुको बिचमा मुक्तिको आश्वासन कसरी पाउने? हेर्नुहोस्: "१४ किनकि परमप्रभुले आफ्नो प्रजालाई फ्याँक्नुहुन्न, उहाँले आफ्नो निज उत्तराधिकारका मानिसहरूलाई त्यागनुहुनेछैन। १५ इन्साफ फेरि धार्मिकताको आधारमा गरिनेछ, र सबै सोझो मन भएकाहरू त्यसको पछि लाग्नेछन्।" भजद ९४:१४-१५, "६ हे उहाँका दास अब्राहामको वंश, हे याकूबका सन्तान, उहाँका चुनिएका हो। ७ उहाँ परमप्रभु हाम्रा परमेश्वर हुनुहुन्छ, समस्त पृथ्वीमा उहाँका फैसलाहरू रहन्छन्। ८ उहाँ आफ्नो करार सदा स्मरण गर्नुहुन्छ, त्यो वचन जो उहाँले हजारौं पुस्ताहरूलाई दिनुभएको थियो, ९ त्यही करार, जो उहाँले अब्राहामसँग बाँध्नुभयो, त्यही शपथ, जो उहाँले इसहाकसँग गर्नुभएको थियो, १० जो उहाँले आदेशको रूपमा याकूबसित पुष्टि गर्नुभयो, र इस्राएलसँग यसो भनेर अनन्त करारको रूपमा बाँध्नुभयो।" भजन

**१०५:६-१० र "ती अति प्राचीन आएर सर्वोच्चका पवित्र जनहरूको पक्षमा इन्साफको घोषणा गरे, अनि समय आयो जब तिनीहरूले राज्य अधिकार गरे।" दानिएल ७:२२।**

परमेश्वरका जनहरू सुरक्षित छन् किनभने उहाँ रहनुहुने ठाउँ सियोनलाई स्थापना गर्नुभएको छ (भजन ७६:१,२) र उहाँका जनहरूसँग उहाँको अनन्तको करार स्थापित गर्नुभएको छ, त्यो करार उहाँको निजि बुहमूल्य सम्पत्ति हो (भजन ९४:१४, भजन १०५:८-१०)। परमेश्वरले बाँध्नुभएको उहाँका मानिसहरूलाई कहिल्यै त्याग्नुहुनेछैन, साथै त्यतिमात्र नभएर उहाँ तिनीहरूसँग सक्रिय हुनुभएर तिनीहरूलाई आफूसँग सुरक्षित राख्नुहुन्छ। उहाँले तिनीहरूका पापहरू क्षमा गर्नुहुन्छ (भजन १०३:३), उहाँले अर्ति दिनुहुन्छ, सिकाउनुहुन्छ, बरदानहरू दिनुहुन्छ, आशिष दिनुहुन्छ र शक्तिसम्पन्न गराउनुहुन्छ (भजन २५:८-११, भजन २९:११, भजन १०५:२४)। परमेश्वरका जनहरू धर्मी बनाउन उहाँको इन्साफले परिवर्तन गर्दछ र उहाँले तिनीहरूलाई हेरचाह गर्नुहुन्छ भनेर पनि प्रकट गर्दछ (भजन ९४:८-१५)। इस्राएलको इतिहासभरी परमेश्वर आफ्नो करारमा कतिवद्ध हुनुभएको थियो भनेर भजन १०५ले खुलासा गर्दछ। तिनीहरूको बिचमा असल वा खराब जे भएतापनि परमेश्वर तिनीहरूसँग हुनुहुन्थ्यो। उहाँले आफ्नै सक्रियतामा युसूफलाई मिश्र देशमा लगिएको थियो र उनबाट उहाँका जनहरूलाई बचाउनुभएको थियो। तत्कालिन मिश्र देशका वरिपरि रहेका राष्ट्रहरू अनिकालको चपेटामा परेको बेलामा उहाँले उहाँका जनहरूलाई शरण दिएकोले मिश्र देशलाई र उहाँका जनहरूलाई उद्धार गर्नुभएको थियो (भजन १०५:१६-२४)। समय बित्दै जाँदा मिश्रको नयाँ राजाले इस्राएलीहरूको गुणलाई बिर्सेर तिनीहरूलाई दास बनाएर निरङ्कुश व्यवहार गरेका थिए। अनि त्यस दासत्वबाट छुट्कारा दिन प्रभुले मोशाको उदय गर्नुभएको थियो। प्रभुको सहायताले मोशाले अनेकौं चमत्कार र चिन्हहरू देखाएर प्रभुले आफ्ना जनहरूलई मिश्र देशबाट बाहिर निकालेका थिए (भजन १०५:२५-३८)।

आफूले प्रतिज्ञा गर्नुभएको बमोजिम परमेश्वरले उहाँका जनहरूलाई प्रतिज्ञा गर्नुभएको भूमि प्रदान गर्नुभएको थियो (भजन १०५:११,४४) र उहाँले तिनीहरूलाई निरन्तर रुपमा सुरक्षा गर्नुभएको थियो (भजन १०५:१२-१५)। तिनीहरूको संख्या बढाउनुभयो (भजन १०५:२४), तिनीहरूमाथि शासन गर्ने निरङ्कुश मालिकहरूबाट तिनीहरूलाई छुट्कारा दिनुभयो (भजन १०५:३७,

३८), र तिनीहरूकै दैनिक आवश्यकताहरूलाई उपलब्ध गराउनुभयो (भजन १०५:३९-४१)। उहाँका जनहरू समावेश भएको सबै थोकहरूको प्रभुत्त्व सनातन परमेश्वर नै हुनुहुन्छ भन्ने कुरामा कुनै शङ्का छैन। यो सत्य भजनसंग्रहका लेखकहरूले उहाँमा मानिसहरूको हृदयमा रोप्न चाहेका थिए। सारा जगत र पृथ्वीका मालिक परमेश्वर नै हुनुहुन्छ भन्ने सत्यता उहाँका जनहरूले कहिल्यै पनि बिर्सनुहुन्न।

जब परमेश्वरले आफ्नो करार सम्झिनुहुन्छ तब केवल याद गर्ने वा आफ्नो दिमागमा खेलाइ राख्ने मात्र नभएर त्यस करारले मानिसहरूलाई सक्रिय बनाउन पनि अगुवाइ गर्नुहुन्छ (उत्पत्ति ८:१: १ शमूएल १:१९, भजन १०५:४२-४४)। जब परमेश्वरका अनेकौं अचम्मका कामहरू र इन्साफलाई याद गर भनेर उहाँका जनहरूलाई आह्वान गरिन्छ तब उहाँका जनहरू उहाँको महिमा वा इज्जत थाम्ने गरी जिउन अपेक्षा गरिएको हुन्छ।

त्यस करारमा आधारभूत सम्बोधन गरिएकोमा इस्राएलीहरूलाई एउटा आह्वान गरिएको छ। तिनीहरू परमेश्वरको करारप्रति कतिवद्ध भएर उहाँका व्यवस्था वा नीतिहरूलाई पालन गर्नु हो (भजन ७८:५-७, भजन १०५:४५)। अरू राष्ट्रहरूमा परमेश्वरको बारेमा साक्षी हुन उहाँका जनहरूलाई उहाँले आह्वान गर्नुहुन्छ, किनभन सारा राष्ट्रका जनताहरू उहाँका जन इस्राएलीहरूमा सम्मिलित होऊन् भनि उहाँ चाहनुहुन्छ (भजन १०५:१,२)। यसो भएमा सारा संसार सुरक्षित हुनेछ किनभने सर्वशक्तिमान र दयालु परमेश्वरले सुरक्षा गर्ने करारको दायरामा तिनीहरू रहन्छन् (भजन ८९:२८-३४)।

**येशूमा के छ जसले गर्दा पौराणिक इस्राएललाई परमेश्वरले गर्नुभएका प्रतिज्ञाहरूलाई अहिले हामीहरूले पनि उपभोग गर्न सक्छौं भनेर देखाउँदछ? हेर्नुहोस्: "२६ विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ। २७ किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। २८ अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ। २९ यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।"गलाती ३:२६-२९।**

## ५. परमेश्वरका करार तथा गवाहीहरू अकाट्य वा पक्का छन्

देहायका पदहरूमा एउटै विषयबस्तुको धागोले कसरी बुनिएको छ? हेर्नुहोस्: "७ परमप्रभुको व्यवस्था सिद्ध छ, प्राणलाई पुनर्जीवित गराउने। परमप्रभुका कानूनहरू विश्वसनीय छन्, निर्बोधलाई बुद्धिमान् तुल्याउने। ८ परमप्रभुका नियमहरू ठीक छन्, हृदयलाई आनन्द गराउने।

परमप्रभुका आज्ञाहरू उज्ज्वल छन्, आँखालाई प्रकाश दिने।" भजन १९:७-८, "तपाईंका कानूनहरू दृढ़ छन्, हे परमप्रभु, अनन्तकालको निम्ति तपाईंको भवन पवित्रताले सुसज्जित छ।" भजन ९३:५, "तपाईंको व्यवस्थासँग प्रेम गर्नेहरूलाई ठूलो शान्ति हुन्छ, र तिनीहरूले ठेस खाने कुनै कारण रहँदैन।" भजन ११९:१६५, "१ धन्य हो त्यो मानिस, जो दुष्टहरूको सल्लाहमा हिंड्दैन, जो पापीहरूको मार्गमा खड़ा हुँदैन, अनि गिल्ला गर्नेहरूको सङ्गतमा बस्दैन। २ तर परमप्रभुको व्यवस्थामा नै त्यो खुशी रहन्छ, र त्यसले दिनरात उहाँकै व्यवस्थामा मनन गर्छ। ३ त्यो खोलाको किनारमा रोपेको बोटजस्तै हुन्छ, जसले आफ्नो ऋतुमा फल दिन्छ, अनि जसको पात कहिल्यै ओइलाउँदैन। त्यसले जे पनि गर्छ, त्यसमा त्यो सफल हुन्छ। ४ दुष्टहरू त्यस्ता हुँदैनन्! तिनीहरू बतासले उड़ाएर लैजाने भुसजस्तै हुन्छन्। ५ यसकारण दुष्टहरू न्यायको दिनमा टिक्नेछैनन्, र पापीहरूले धर्मीहरूको सभामा स्थान पाउनेछैनन्। ६ किनकि परमप्रभुले धर्मीहरूको मार्गको रक्षा गर्नुहुन्छ, तर दुष्टहरूको मार्ग नष्ट हुनेछ।" भजन १, "२० मेरो धार्मिकताअनुसार परमप्रभुले मसँग व्यवहार गर्नुभयो। मेरा हातका शुद्धताको अनुरूप उहाँले मलाई प्रतिफल दिनुभयो। २१ किनकि म परमप्रभुको मार्गमा चलेको छु, मेरा परमेश्वरबाट तर्केर मैले दुष्टता गरेको छैनँ। २२ उहाँका सारा नियमहरू मेरै सामुन्ने छन्, र उहाँका कानूनहरू मैले त्यागेको छैनँ। २३ उहाँको दृष्टिमा म निर्दोष थिएँ, र दोषबाट मैले आफैलाई अलग्ग राखें। २४ परमप्रभुले मेरो धार्मिकताअनुसार र उहाँको दृष्टिमा मेरा हातका शुद्धताको अनुरूप मलाई प्रतिफल दिनुभएको छ। २५ वफादारप्रति तपाईं वफादार हुनुहुन्छ, निर्दोषसँग तपाईं आफूलाई निर्दोष प्रकट गर्नुहुन्छ। २६ शुद्धसँग तपाईं आफै शुद्धै देखा पर्नुहुन्छ, तर बाङ्गोसँग तपाईं आफूलाई चतुर प्रकट गर्नुहुन्छ। २७ दीन-हीन मानिसहरूलाई तपाईं छुटाउनुहुन्छ, तर अहङ्कारी आँखा हुनेहरूलाई तपाईंले झुकाइदिनुहुनेछ। २८ हे परमप्रभु, तपाईंले मेरो दियो बालिराख्नुहुन्छ, मेरा परमेश्वरले मेरो अन्धकारलाई उज्यालोमा परिवर्तन गर्नुहुन्छ। २९ तपाईंको सहायताले म फौजमाथि आक्रमण

**गर्न सक्छु, र मेरा परमेश्वरको सहायताले म पर्खाल नाघ्न सक्छु। ३० परमेश्वरको विषयमा भन्ने हो भने, उहाँको मार्गचाहिँ सिद्ध छ, परमप्रभुको वचन सच्चा छ। उहाँमा शरण लिनेहरू सबैका उहाँ ढाल हुनुहुन्छ।" भजन १८:२०-३० र "८ परमप्रभु भला र सच्चा हुनुहुन्छ, यसैकारण उहाँले पापीहरूलाई आफ्नो बाटो सिकाउनुहुन्छ। ९ उहाँले नम्रहरूलाई साँचो मार्गमा डोऱ्याउनुहुन्छ, र तिनीहरूलाई आफ्नो मार्ग सिकाउनुहुन्छ। १० उहाँको करारका शर्तहरू पालन गर्नेहरू जतिका लागि परमप्रभुका सबै मार्गहरू प्रेममय र विश्वासयोग्य हुन्छन्।" भजन २५:८-१०।**

परमेश्वर सार्वभौम सनातन सृष्टिकर्ता हुनुभएकोले उहाँ राजा र न्यायकर्ता हुनुहुन्छ। ईश्वरीय विज्ञानले उहाँका वचन, गवाही, विवरण भरपर्दो छ भनेर बताउँदछ। हिब्रू भाषामा गवाही वा साक्षीहरूलाई "एडुट 'edut, "डिक्री decree", "ल law वा कानुन" भनेर परिभाषित गरेको छ। त्यसको अर्थ विभिन्न काननु र ऐनहरू, आदेश र विधिहरू हुन्। परमेश्वरका जनहरू धार्मिक र सामाजिक जीवन विधिको शासनमा चलुन् र उहाँकै प्रभुत्त्वमा रहून् भन्ने उहाँको चाहना हो (प्रस्थान ३२:१५)। उहाँका नीति, व्यवस्था र नियमहरू निश्चित वा पक्का छन् (भजन ९३:५)। परमेश्वरको सिंहासन सनातन र स्थायीत्व छ भनेर ती विधिहरूले देखाउँदछन्। आफूले सृष्टि गर्नुभएको पृथ्वीलाई उहाँले नै सँभार गर्नुहुन्छ (भजन ९३:१,२)। हिब्रू भाषाबाट अनुवाद गरिएको "निश्चित वा पक्का" भन्ने शब्दले उहाँ भरपर्दो, विश्वासिलो र अटल छ भनेर देखाउँदछ (२ शमूएल ७:१६, १ इतिहास १७:२३)। परमेश्वरका दश आज्ञा र विधिहरू अपरिवर्तनीय र अविनाशी छन्। उहाँका प्रतिज्ञा र आदेशहरू पक्का, इमान्दारी र भरपर्दो छ भनेर उहाँले ठोकुवा गर्नुहुन्छ। उहाँको विश्वसनीयता दुवै पक्का र अपरिवर्तनीय छन्। यो उहाँको विधिको शासनको चरित्र वा नीति हो। उहाँका जनहरूले उहाँमाथि भरोसा राखेर र उहाँका आज्ञाहरू पालन गरेर उहाँको चरित्र वा नीतिलाई प्रतिबिम्ब गरून् भनेर उहाँले अपेक्षा गर्नुहुन्छ।

यस संसारमा विधिको शासन नचलेको र न्यायको अभावले गर्दा यस पृथ्वीको जग नै हल्लिन्छ भनेर कवितामय भाषामा वर्णन गरिएको छ (भजन १८:७, यशैया २४:१८-२१)। परमेश्वरले उहाँका जनहरूलाई दिनुभएको व्यवस्थाले तिनीहरूको जीवन कस्तो धर्मपरायण वा उचित जीवन बिताउनु पर्छ भनेर सिकाउँदछ ताकि उहाँको न्यायमा तिनीहरू निडर भएर खडा हुन सकून्।

त्यसको फलस्वरुप, उहाँका धर्म जनहरू हल्लिनेछैन किनकि तिनीहरूको जीवन परमेश्वरको विधिको शासनमा अटल भएर चलेका हुन्छन्। त्यसले तिनीहरूलाई स्थायीत्व र सुरक्षा दिन्छ र प्रभुमा तिनीहरूका हृदय अटल हुन्छन्। (हिब्रू भाषाको कुना kuna को अर्थ "अटल हुनु,", "सुरक्षित हुनु" भनेर जनाउँछ) (भजन ११२:१,६,७)। परमेश्वरका आज्ञाहरू पालना गर्नेहरूलाई कसैले पनि ठक्कर दिन सक्दैन (भजन ११९:१६५)। यसले तिनीहरूको जीवनमा परमेश्वरले दिनुहुने सुरक्षा र अगुवाइलाई देखाउँदछ (भजन १:२,३,६)।

परमेश्वरको वचन भजनको लेखकको निम्ति खुट्टाको निम्ति दियो वा ज्योति हुनु भनेर चित्रणा गरिएको छ। उनलाई शत्रुहरूको जालबाट वचनले नै सुरक्षा गर्दछ (भजन ११९:१०५,११०)। परमेश्वरलाई प्रेम गर्नेहरूले महान् शान्ति वा सच्चिदानन्दको उपभोग गर्न सक्दछ (भजन ११९:१६५)। त्यसको अर्थ दुःख, कष्ट र परीक्षा आउँदैनन् भनिएको छैन (भजन ११९:१६१)। जुनसुकै परिस्थितिमा पनि परमेश्वरको उपस्थितिप्रति सजग हुन सक्यो र उहाँसँग सम्बन्ध राखिराख्न सक्यो भने उहाँका भक्तजन उहाँमा अटल र सुरक्षित भएर बस्दछन्। मृत्युको सामनामा पनि तिनीहरू निडर भएर बस्दछन्।

**तपाईंको आफ्नै जीवनमा परमेश्वरको व्यवस्था वा दश आज्ञा, उहाँका नीतिनियम र गवाहीहरू पालन गर्दा तपाईंलाई कसरी सहयोग मिलेको छ सो सोच्नुहोस्। तर, तिनीहरूको अवज्ञा गर्दा तपाईंले कसरी दुःख पाउनु भयो वा ठेस लाग्नुभयो त्यो पनि मनन गर्नुहोस्।**

**उपसंहार: थप जानकारी: भजन ८६:५,१५; एलेन जी. ह्वाइटद्वारा लिखित स्टेप्स टु क्राइस्टको पृ. ९-१५ को "गड्स लभ फर मान" पढ्नहोस्। परमेश्वर प्रेम हुनुहुन्छ भन्ने सत्य वचनलाई भजनसंग्रहमा उहाँको बारेमा गरेका वयान र उहाँका कामहरूले अझ हामीलाई कसरी प्रस्त पार्दछ?**

**यस अध्यायको अध्ययनमा परमेश्वरका चरित्र र उहाँका क्रियाकलापहरूमा केन्द्रित गरिएकोछ। उहाँकै संरक्षणमा यस संसार अटल र सुरक्षित भएको देखाइएको छ। परमेश्वर सृष्टिकर्ता, राजाहरूका महाराजा, न्यायकर्ता, सबैलाई उद्धार वा मुक्ति दिनुहुने र व्यवस्था वा विधिहरू दिनेहुनुहुन्छ भनेर पनि भजनका लेखकहरूले उहाँको तारिफ गरेकाछन्। यस संसारमा उहाँको भूमिका कस्तो छ भनेर उहाँका विभिन्न नाम र पद वा आधिकारिक ओहोदाहरूलाई सम्बोधन गरेर औँल्याइएको छ।**

**उहाँ गोठालो हुनुहुन्छ (भजन २३:१, ८०:१), मुक्तिको चट्टान (भजन ९५:१), पिता (भजन ६८, ८९:२६ आदि । यस तहसनहस भएको संसार, परमेश्वर र शैतानको बिचमा भइरहेको महान् संग्रामको बिचमा पनि उहाँमा हामी सुरक्षित हुनसक्छौँ, किनभने परमेश्वर सार्वभौम र विश्वासीलो हुनुहुन्छ । उहाँले जे गर्नुहुन्छ र जे बोल्नुहुन्छ त्यसमा हामी भरपर्न सक्दछौँ । ईश्वरीय विज्ञानमा उहाँका चरित्र र गुणहरूलाई वर्णन गर्न त सकिँदैन, तैपनि भजनसंग्रहको पुस्तकमा गरेका उहाँका वयानहरू परमेश्वरका विभिन्न पक्षहरूलाई प्रकट गर्न प्रयास गरेको पाइन्छ ।**

**जब हामी** भजनसंग्रहको अध्ययनलाई निरन्तरता दिन्छौँ तब एउटा कुरो याद गर्नु धेरै महत्त्वपूर्ण छ । यस अध्ययनको क्रममा परमेश्वरको प्रेमको चरित्र, अनुग्रह र पुनर्स्थापित संसारको दिव्यज्ञानलाई मध्य नजरमा अध्ययन गर्नुपर्छ । "जति हामी क्रूसलाई मध्यनजार राखेर परमेश्वरको चरित्रलाई अध्ययन गर्दछौँ त्यति हामीले उहाँको दया, करुणा, कोमलता, शहिष्णुता, क्षमा समानता र न्यायसँग बुनिएको हामी सिक्दछौँ । परमेश्वरको असिमित प्रेम र कोमलता भनेको आफ्नो बरालिएर गएको बालकप्रति आमाको तिब्र सहानुभूति र करणालाई पनि अपार छ भनेर क्रूसले सिकाउँदछ ।" -एलेन जी. ह्वाइट, *स्टेप्स टु क्राइस्ट,* पृ. १५ । आफ्नो विद्रोहका कारण परमेश्वरको न्यायको सामना गर्नुपर्दा तिनीहरूले उहाँलाई पुकारी नै रहेका हुन्छन् किनकि उहाँको रिस केवल छोटो समयको निम्तिमात्र हो, तर उहाँको दया अनन्तको छ (भजन १०३:८) ।

**चिन्तनमननः**

अ. परमेश्वर र सैतानको बिचमा भइरहेको महान् विवादीय संग्रामको अस्तित्व र वास्तविकतालाई बुझ्न किन जरुरी छ? परमेश्वरको प्रभुत्त्व र सार्वभौमिकताको बाबजुद पनि यस संसारमा दुःख, कष्ट, आतङ्क र पीडा किन भइरहन्छ भनेर परमेश्वर र सैतानको बीचमा भइरहेको संग्रामको आत्मज्ञानले कसरी व्याख्या गर्छ? परमेश्वर र सैतानको बिचमा भइरहेको संग्रामको विषयबस्तु जान्न हाम्रो निम्ति किन महत्त्वपूर्ण छ?

आ. परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भन्ने विश्वासले हामी आफ्नै बारेमा र सृष्टिसँगको सम्बन्धको बुझाइलाई हामीलाई कसरी असर पार्दछ? जब मानिसहरू सत्यबाट बरालियो भने के हुन्छ? हेर्नुहोस्, "१ परमप्रभुको प्रशंसा गर। परमप्रभुमा धन्यवाद चढ़ाओ, किनकि उहाँ भला हुनुहुन्छ, उहाँको करुणा सधैंभरि रहन्छ। २ परमप्रभुको पराक्रमी कामहरूको बयान कसले गर्न सक्छ? उहाँको प्रशंसा सम्पूर्ण रूपले कसले घोषणा गर्न सक्छ? ३ तिनीहरू धन्यका हुन्, जो न्यायमा चल्दछन्, जो सधैं सदाचरण गर्दछन्। ४ हे परमप्रभु, आफ्नो प्रजामाथि निगाह गर्नुहुँदा

मलाई सम्झनुहोस्, तिनीहरूको उद्धार गर्नुहुँदा मलाई पनि सहायता गर्नुहोस्, ५ र तपाईंका चुनिएकाहरूको सुख-शान्ति देख्न पाऊँ, र तपाईंका जातिको हर्षमा सहभागी हुन सकूँ, अनि तपाईंको उत्तराधिकारका मानिसहरूसँग मिली तपाईंको प्रशंसा गर्न सकूँ। ६ हाम्रा पुर्खाहरूले जस्तै हामीले पनि पाप गरेका छौं। हामीले अपराध गरेका छौं, हामीले दुष्ट्याइँ गरेका छौं। ७ हाम्रा पुर्खाहरूले मिश्रदेशमा छँदा तपाईंका आश्चर्यकर्महरूको ख्यालै गरेनन्, तपाईंको प्रशस्त करुणा तिनीहरूले सम्झेनन्, र लाल समुद्रको किनारमा तिनीहरूले सर्वोच्च परमेश्वरको विद्रोह गरे। ८ तापनि आफ्नो महापराक्रम प्रकट होस् भनेर, उहाँले आफ्नो नाउँको खातिर तिनीहरूलाई बचाउनुभयो। ९ उहाँले लाल समुद्रलाई हप्काउनुभयो, र त्यो सुकिहाल्यो। यसरी उहाँले तिनीहरूलाई मरुभूमिको बाटोजस्तै गरी गहिरो ठाउँबाट डोऱ्याएर लैजानुभयो। १० उहाँले तिनीहरूलाई शत्रुको हातबाट बचाउनुभयो, शत्रुको हातबाट तिनीहरूलाई छुटाउनुभयो। ११ तिनीहरूका विरोधीहरूलाई पानीले छोप्यो, उनीहरूमध्ये एक जना पनि बाँचेन। १२ तब तिनीहरूले उहाँका वचनमाथि विश्वास गरे, र उहाँको प्रशंसा गरे। १३ तर तिनीहरूले चाँड़ै उहाँका कार्यहरू बिर्सिहाले, र उहाँका सल्लाहको प्रतीक्षा तिनीहरूले गरेनन्। १४ उजाड-स्थानमा तिनीहरूले आफूलाई आफ्नो तृष्णाको वशमा सुम्पिए, र तिनीहरूले मरुभूमिमा परमेश्वरको परीक्षा गरे। १५ यसर्थ तिनीहरूले मागेका कुरा उहाँले तिनीहरूलाई दिनुभयो, तर तिनीहरूका बीचमा शिथिलताको रोग पठाइदिनुभयो। १६ छाउनीमा तिनीहरू मोशासित र परमप्रभुमा अर्पण गरिएका हारूनसँग डाहा गरे। १७ धरती फाटेर दातानलाई निल्यो, र अबीरामको दललाई पुरिदियो। १८ तिनीहरूका समर्थकहरूका बीचमा आगो दन्किउठ्यो, आगोको ज्वालाले दुष्टहरूलाई भस्म पाऱ्यो। १९ होरेबमा तिनीहरूले बाछा बनाए, र धातुको मूर्ति पूजा गरे।२० यसरी तिनीहरूले आफ्नो गौरवलाई घाँस खाने गोरुको मूर्तिसँग साटे।२१ तिनीहरूले आफ्ना उद्धारकर्ता परमेश्वरलाई बिर्से, जसले मिश्रदेशमा महान् कार्यहरू गर्नुभएको थियो, २२ जसले हामको देशमा आश्चर्यकर्महरू, र लाल समुद्रको किनारमा भयङ्कर काम गर्नुभएको थियो। २३ यसकारण उहाँले तिनीहरूलाई नाश गर्छु भन्नुभएको थियो, तर उहाँको विनाश पार्ने क्रोध हटाउनलाई उहाँका

चुनिएका जन मोशा उहाँको सामुन्ने खड़ा भए। २४ तब तिनीहरूले सुन्दर देशलाई तुच्छ ठाने, तिनीहरूले उहाँको प्रतिज्ञामा विश्वास गरेनन्। २५ तिनीहरू आफ्ना पालहरूमा गनगनाए, र परमप्रभुको आज्ञापालन गरेनन्, २६ यसकारण तिनीहरूलाई उजाड-स्थानमा विनाश पार्छु भनी उहाँले हात उचालेर शपथ हाल्नुभयो, २७ अनि तिनीहरूका वंशलाई जातिहरूका बीचमा छरपष्ट पार्छु, र तिनीहरूलाई देश-विदेशमा तितरबितर पार्छु भन्नुभयो। २८ तिनीहरूले पोरको बाल देवताको पूजा गरे, र निर्जीव देवताहरूलाई चढ़ाएका बलिका थोकहरू खाए। २९ तिनीहरूले आफ्ना दुष्ट कामले परमप्रभुलाई क्रोधित पारे, र तिनीहरूमा रूढ़ी फैलियो। ३० तर पीनहास उठेर मध्यस्थता गरे, र यसैले रूढ़ी थामियो। ३१ अनि यो तिनको निम्ति पुस्तौंसम्म सदाको लागि धार्मिकता गनियो। ३२ तिनीहरूले मेरीबाका पानीको नजिक पनि परमप्रभुलाई क्रोधित तुल्याए, र तिनीहरूले गर्दा मोशाको खराबी हुन गयो। ३३ किनभने तिनीहरू परमेश्वरका आत्माको विरुद्धमा बागी भएका थिए, र मोशाको मुखबाट अनर्थ कुरा निस्के। ३४ परमप्रभुको आज्ञाअनुसार तिनीहरूले अन्यजातिहरूलाई नाश गरेनन्। ३५ तर तिनीहरू जाति-जातिहरूसँग मिसिए, र तिनीहरूका रीतिहरू अपनाए। ३६ तिनीहरूले उनीहरूका मूर्तिहरू पुजे, र ती तिनीहरूका निम्ति पासो बने। ३७ तिनीहरूले आफ्ना छोराछोरीहरूलाई भूतात्माहरूलाई बलि चढ़ाए। ३८ तिनीहरूले निर्दोषको रगत, अर्थात् आफ्नै छोराछोरीहरूको रगत बगाए, जसलाई तिनीहरूले कनानका मूर्तिहरूका निम्ति बलि चढ़ाए। र तिनीहरूको रगतले धरती अपवित्र भयो। ३९ यसरी तिनीहरू आफ्नै कामले अशुद्ध भए, र आफ्ना मले गर्दा तिनीहरू व्यभिचारी बने। ४० त्यसकारण आफ्नो प्रजामाथि परमप्रभुको क्रोध दन्क्यो, र उहाँले आफ्नो उत्तराधिकारका मानिसहरूलाई घृणा गर्नुभयो। ४१ अनि उहाँले तिनीहरूलाई अन्य जातिहरूका हातमा दिनुभयो, र तिनीहरूका शत्रुहरूले तिनीहरूमाथि शासन गरे। ४२ तिनीहरूका शत्रुहरूले पनि तिनीहरूलाई अत्याचार गरे, र तिनीहरूलाई आफ्नो शक्तिको वशमा पारे। ४३ धेरै चोटि उहाँले तिनीहरूलाई छुटाउनुभयो, तर तिनीहरू आफ्नै विद्रोहपूर्ण युक्तिमा चल्दैगए, र तिनीहरू आफ्नै अधर्मले पतन हुँदैगए। ४४ तर उहाँले तिनीहरूको दुहाई सुनेर तिनीहरूको सङ्कष्टमा नजर फिराउनुभयो।

४५ तिनीहरूका खातिर आफ्नो करार उहाँले स्मरण गर्नुभयो, र आफ्नो प्रशस्त करुणाअनुसार दयालु हुनुभयो। ४६ तिनीहरूलाई कैद गर्नेहरू सबैका नजरमा तिनीहरूलाई दयाको पात्र बनाउनुभयो। ४७ हे परमप्रभु हाम्रा परमेश्वर, हामीलाई बचाउनुहोस्। तपाईंको पवित्र नाउँमा धन्यवाद चढ़ाऊन्, र तपाईंको प्रशंसामा गौरव गरून् भनेर, हामीहरूलाई जातिहरूका बीचबाट एकत्र गर्नुहोस्। ४८ परमप्रभु इस्राएलका परमेश्वरको प्रशंसा अनादिदेखि अनन्तसम्मै भइरहोस्। र सबै मानिसहरूले भनून्, "आमेन।" परमप्रभुको प्रशंसा गर।" भजज १०६।

इ. अहिले होस् वा बाइबलको समयमा होस् मानिसहरूले मूर्ति बनाएर भगवान भनेर पूजा गर्नु किन गलत थियो? हेर्नुहोस्, "४ तिनीहरूका मूर्तिहरू मानिसहरूका हातले कुँदिएका, सुन र चाँदीका कलाहरू मात्र हुन्। ५ तिनीहरूका मुख छन्, तर बोल्न सक्दैनन्। आँखा छन्, तर देख्न सक्दैनन्। ६ कान छन्, तर सुन्न सक्दैनन्। नाक छन्, तर सुँघ्न सक्दैनन्। ७ हात छन्, तर छाम्न सक्दैनन्। खुट्टा छन्, तर हिँड्न सक्दैनन्। तिनीहरू आफ्ना गलाबाट कुनै आवाजै निकाल्न सक्दैनन्। ८ तिनीहरूलाई बनाउनेहरू पनि तिनीहरूजस्तै हुनेछन्। र तिनीहरूमाथि भरोसा राख्नेहरू पनि सबै उस्तै हुनेछन्।" भजन ११५:४-८। तर देवीदेवता भनेर मूर्ति बनाएर पूजै नगरेतापनि आधुनिक समयमका मूर्तिहरू के हुन्? परमेश्वरसँगको हिँडाइमा ती मूर्तिहरू किन खतरा हुनुसक्छ?

ई. परमेश्वरका जनहरूबाट न्याय सुरु हुन्छ भन्ने आत्मज्ञानले उहाँका जनहरू कसरी जिउनुपर्छ भनेर त्यसमा कसरी सचेत रहने? उहाँका जनहरूलाई उहाँले कसरी इन्साफ गर्नुहुन्छ र त्यसको अन्त्य कसरी हुन्छ?

# कथा ३

## साबथमा सकर

## क्लिनिङ्ग (भारत)



क्लिनिङ्ग सकर वा फुटबल खेल्न बाँचेको भनेर महसुस गरिरहेको थियो। स्कुलमा समय पाउनेवितिक्कै सकर खेल्थ्यो। ऊ भारतको उत्तरपूर्व राज्यको एउटा सहरमा बस्दथ्यो। जब सरकारी जाँचमा भाग लिन ऊ अर्कै सहरमा गएको थियो उसले फुटबल खेल्ने साथीहरू बनायो र शनिबार फुटबल खेल्न थाल्यो। तर फुटबल खेल्ने मैदानको अर्कोतिर रहेको भवनमा मानिसहरू भजन गाएको र प्रार्थना गरेको उसले सुन्यो तब ऊ छक्क परेको थियो। त्यो मैदान सेभेन्थ-डे एडभेन्टिस्ट चर्च र स्कुलको परिसरमा थियो।

क्लिनिङ्ग इसाई परिवारमै जन्मेको हुर्केको थियो। उसले सानैदेखि इसाई स्कुलमा पढेको थियो। तर इसाईहरू शनिबारमा आराधना गरेको उसले कहिल्यै पनि सुनेको थिएन।

जब मैदानमा बल खेल्दै थियो उसले सोच्न थाल्यो, "ती मानिसहरू आइतबारको सट्टा शनिबारमा नै किन परमेश्वरको आराधना गरिरहेकाछन्? ती मानिसहरू को हुन्?" क्लिनिङ्गले सरकारी परीक्षामा सफल भयो वा दश कक्षा पास गऱ्यो। फेरि एघार कक्षामा भर्ना हुन उसले सरकारी परीक्षा दिनु परेको थियो। त्यो जाँचमा ऊ असफल भयो र उसलाई स्कूलमा भर्ना लिएन। ऊ निराश भयो। उसले दुई जना साथीहरूसँग के गर्ने भनेर सल्लाह माग्यो। ती साथीहरू फुटबल मैदानको परिसरमा रहेको एडभेन्टिस्ट स्कुलमा पढ्थे र उसलाई पनि त्यही स्कुलमा भर्ना हुन सल्लाह दिए।

क्लिनिङ्ग त्यस स्कुलमा पढ्न निबेदन दियो र उसलाई स्कुलले स्वीकाऱ्यो। त्यहाँ पढ्न पाएकोमा खुशि भयो।

केही महिनापछि जब ऊ फुटबल खेलिरहेको बेलामा शनिबारमा मानिसहरूले किन भजन गाए र प्रार्थना गरे भन्ने जानकारी पायो। स्कुलमा उसले उत्पत्ति २ पढ्यो जहाँ सृष्टिको अन्तमा परमेश्वरले शनिबारलाई पवित्र

दिन बनाउनुभएको पढ्यो। प्रस्थान २० अध्यायमा परमेश्वरले उहाँका जनहरूलाई साबथ पालन गर्न किन महत्त्व छ भनेर दश आज्ञाहरूमा याद दिलाउनुभएको उसले पढ्यो। येशू आफैले नियमित रूपमा साबथ पालन गर्नुभएको उसले थाहा पायो। उहाँले आइतबारमा आराधना गर्नुपर्छ भनेर कहिल्यै पनि नबताउनुभएको पनि उसले थाहा पायो।

आफू सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा सरिक हुन चाहेको क्लिनिङ्ग आफ्ना बाबुआमालाई बतायो तर तिनीहरूले त्यसको घोर विरोध गरे। त्यसको फलस्वरूप बप्तिस्मा नलिन उसले निर्णय गऱ्यो किनकि उसले तिनीहरूलाई रिस उठाउन चाहेको थिएन।

क्लिनिङ्गको घर रहेको सहरमा एडभेन्टिस्ट चर्च थिएन। जब ऊ छुट्टीको समयमा घर फर्किन्दा शनिबार आराधना गर्न नपाउँदा उसलाई नियास्रो लागिरहेको थियो। उसले आफ्ना दश जना दाजुभाइ,लदिदी बहिनी र बाबुआमाहरूलाई साबथको बारेमा के सिकेको थियो सो बताउन चाहेको थियो तर तिनीहरूले सुन्न चाहेनन्। "तिमी एडभेन्टिस्ट स्कुलमा पढेको राम्रै भयो तर तिमी एडभेन्टिस्ट हुन आवश्यकता छैन," उसकी आमाले उसलाई सुनाइन्। बाबुचाहीँ झन क्रोधित भएर उसलाई यो रिस पोखाए, "दिन तिमी एडभेन्टिस्ट हुने निर्णय गऱ्यौ भने तिमी घरको परिवारबाट निकालिनेछौ।"

एडभेन्टिस्ट स्कुलमा १२ कक्षा पछि त्यही सहरमा भएको गैर-इसाई कलेजमा पढ्न ऊ भर्ना भयो। तर उसलाई असजिलो लागिरहेको थियो। त्यस कलेजको परिवारमा आफू सम्मिलित नभएको उसले महसुस गऱ्यो। उसले इसाई कलेजमा पढ्न तिब्र इच्छा गऱ्यो।

जब क्लिनिङ्गले फुटबल खेलिरहेको बेलामा उसले बल खेल्ने साथीले १००० मिसिनेरी अभियानको बारेमा जानकारी दियो। क्लिनिङ्ग पनि मिसिनेरी विद्यार्थी भएर सरिक हुन चाहना गर्‍यो। त्यस अभियानको स्थानीय अगुवासँग उसले सम्पर्क गऱ्यो। केही समयमा नै ऊ एडभेन्टिस्ट चर्चको सदस्य बन्यो र आठ महिनासम्म विद्यार्थी मिसिनेरी भएर चार कक्षामा पढाउन थाल्यो।

क्लिनिङ्ग एडभेन्टिस्ट भएकोमा उसका बाबुआमा खुशी थिएन तर ऊ घरमा बसेको थिएन र उसलाई दण्ड दिन सकेन।

अनि क्लिनिङ्ग पास्टर हुने चाहना गऱ्यो र स्पाइसर एडभेन्टिस्ट युनिभर्सिटमा भर्ना भयो। आज ऊ स्पाइसरमा धर्मज्ञान वा थियोलोजी विषयमा

दोस्रो वर्ष पढिरहेको छ। फुटबल खेलेर नै युवाहरूको हृदयमा येशूको बारेमा सुनाउन उसले चाहिरहेको छ।

"मेरो लक्ष्य भनेको पास्टर हुने हो। समाजका युवाहरूको माझमा फुटबल खेल्ने माध्यमबाट प्रभुको बारेमा सुनाउन चाहन्छु। म सकर खेल्ने स्कुल खोल्न चाहन्छु र युवाहरूको सेवा गर्न चाहन्छु। धेरै युवाहरू फुटबल खेल्न चाहन्छन्। यही माध्यमबाट धेरै युवाहरूकहाँ पुगेर तिनीहरूलाई येशूतिर मन फर्काउन चाहन्छु," क्लिनिङ्गले आफ्नो इच्छा व्यक्त गऱ्यो।

बाइबल अध्ययन गरेर र त्यसको पछि लाग्दा आफू स्वतन्त्र भएको महसुस भएको उसले बतायो। त्यही स्वतन्त्रता उसको परिवारले पनि उपभोग गरोस् भन्ने ऊ चाहन्छ।

"म बलियोसँग विश्वास गर्छु कि यूहन्ना ८:३२ मा येशूले के भन्नुभएको थियो, 'तिमीहरूले सत्यलाई जान्नेछौ र सत्यले तिमीहरूलाई स्वतन्त्र पार्नेछ। सुसमाचारको सेवक बन्नलाई म तयार भइरहेको छु। मेरो लागि प्रार्थना गरिदिनुहोस्," क्लिनिङ्गले अनुरोध गर्दछ।